५१८ – ५३१

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४९१/२०७२/०७३
निर्णय नं. ५३१

फ्रिडम फोरम, थापाथली,काठमाडौंका तारानाथ दाहाल समेत ..............................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), अपि नगरपालिका कार्यालय,दार्चुला .......................१ विपक्षी
सूचना अधिकारी, अपि नगरपालिका कार्यालय, दार्चुला ............. ..................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले अपि नगरपालिका कार्यालय दार्चुला समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको तत् पश्चात यस आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम अपि नगरपालिका कार्यालय, दार्चुलालाई मिति २०७२।७।२९, च.नं.४२४ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सम्वन्धमा उक्त नगरपालिकाको मिति २०७२।०९।०५, च.नं. २३३, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई समेत बोधार्थ उपलब्ध गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०४ गते रोज २ शुभम् ।